प्रतिनिधिसभा सदस्य उम्मेदवार, काठमाडौँ क्षेत्र नं ४



# पुकार बमको बाचा पत्र

आदरणीय आमाबुवा, दाजुभाइ तथा दिदी बहिनीहरू,
मेरो उम्मेदवारी विगत २०-३० वर्षदेखि नेपाली समाजमा विद्यमान अव्यवस्था, बेथिति र भ्रष्टाचारको विरूद्ध हो । अबको सुशासन र समृद्धिको यो संकल्प यात्रालाई सफल बनाउन हामीलाई तपाईँको साथ, समर्थन र अमूल्य समयको खाँचो छ । सडकबाट २ दशकदेखि जनताको आवाज बोल्दै आएको 'सत्याग्रही' अब सदनमा पुगेर नीति निर्माण र खबरदारीको भूमिका निर्वाह गर्न चाहन्छ ।

## काठमाडौँ चार, यसपाली पुकार

## म को हुँ ?

म, पुकार बम, विगत २२ वर्षदेखि आम नागरिकका अधिकार र सुशासनका लागि सडकमा लड्दै आएको एक सत्याग्रही विवेकी युवा हुँ। म विवेकशील नेपाली अभियानको संस्थापक मध्येको एक हुँ र हाल राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सदस्य छु। राजनीतिलाई पेशा बाट सेवामा रूपान्तरण गर्नुपर्छ भन्ने मान्यताका साथ यही फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा काठमाडौँ क्षेत्र नं. ४ मा चुनाव चिन्ह घण्टी लिएर आफ्नो उम्मेदवारी दिएको छु।

## योग्यता र अनुभव

### शैक्षिक योग्यता

- त्रिभुवन विश्वविद्यालयबाट सामाजिक कार्य र विकास (Social Work and Development) विषयमा विद्यावारिधि (PhD Scholar) गर्दै छु।
- अमेरिकाको हार्वर्ड विश्वविद्यालयबाट Mason Fellowship अन्तर्गत Mid–Career Master in Public Administration (MC/MPA) गर्दै छु।
- त्रिभुवन विश्वविद्यालयबाटै समाजशास्त्र/मानवशास्त्र (Sociology/Anthropology) र राजनीतिशास्त्र (Political Science) मा स्नातकोत्तर (MA) गरेको छु। शैक्षिक र बौद्धिक धरातलबाटै नीति निर्माणमा हस्तक्षेप गर्न सक्ने क्षमता राख्दछु।

### अनुभव

- विवेकशील नेपाली अभियानको सह-संस्थापकका रूपमा नेपालमा वैकल्पिक राजनीतिको जग बसाल्न र नयाँ पुस्तालाई राजनीतिमा ल्याउन भूमिका खेलेको छु।
- Gen Z जनआन्दोलन पश्चात् समान विचार र मुद्दा भएका वैकल्पिक, नयाँ, Gen Z शक्तिहरूलाई एकीकृत गर्न राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट केन्द्रीय वार्ता समिति संयोजकको जिम्मेवारी निभाएको छु।
- विगत १६ वर्षदेखि के एण्ड के इन्टरनेशनल कलेजमा Social Work Department को प्रमुखका रूपमा अध्यापन गराइरहेको छु।
- अकुपाइ बालुवाटार (Occupy Baluwatar) देखि इनफ इज इनफ (Enough is Enough) सम्मका भ्रष्टाचार विरोधी र जवाफदेहिताका आन्दोलनहरूको अग्र पंक्तिमा उभिएको छु।
- कोभिड-१९ महामारीको बेलामा सीमा नाकामा अल्झिएका हजारौँ नेपाली, देश भित्र र विदेशमा अलपत्र परेका नेपालीको सुरक्षा, तथा स्वास्थ्य सामग्री खरिदमा भएको अनियमितताको विरुद्धमा १२ दिनसम्म निर्जल र निराहार आमरण अनशन बसी सत्याग्रह गरेको छु।
- कोभिड महामारीका बेला हाम्रो सानो प्रयास र Save Nepal Global Alliance मार्फत अक्सिजन बैंक, राहत, उद्धार र निःशुल्क खाना खुवाउने अभियान चलाएर लाखौँ नागरिकको जीवन रक्षामा खटिएको छु।
- तत्कालीन शिक्षा मन्त्री सुमना श्रेष्ठको सल्लाहकारका रूपमा रही नेपालको शिक्षा क्षेत्र सुधारका नीतिगत कार्यहरूमा योगदान पुऱ्याएको छु।
- पार्टीगत राजनीतिमा राष्ट्रिय स्वतन्त्र पार्टीको आन्दोलन सञ्चालन मूल समिति, विधान संशोधन कार्यदल र उम्मेदवार छनोट समिति लगायतका अन्य महत्वपूर्ण जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेको छु।

## मेरो उम्मेदवारी किन ?

विगत २० वर्षमा ९५ लाख युवा विदेश पलायन भएको बाध्यात्मक अवस्थाको अन्त्य गर्न र युवालाई केवल म्यानपावरका रूपमा विदेश पठाउने होइन, स्वदेशमै उद्यमशीलता र रोजगारी सिर्जना गर्न मैले उम्मेदवारी दिएको हुँ। संसदमा पुगेर पनि सडककै जस्तो खबरदारी र पारदर्शिता कायम राख्न तथा ठूला भ्रष्टाचार काण्ड र स्वार्थपूर्ण सत्ता साँठगाँठ विरुद्ध अग्र मोर्चामा उभिनका लागि म काठमाडौँ क्षेत्र नं. ४ को प्रतिनिधित्व गर्न चाहन्छु।




# काठमाडौँ चार, यसपाली पुकार

## मेरा प्रमुख एजेन्डा

### पहिलो: सुशासन र उत्तरदायित्व (Good Governance)

- भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता: आर्थिक मात्र नभई नीतिगत भ्रष्टाचार विरुद्ध निर्मम कानुन निर्माणमा पहल गर्दै, नीति र नियतमा स्पष्ट रही सुशासनको प्रत्याभूति गर्नेछु ।

- सांसद उपस्थिति रिपोर्ट कार्ड: संसदमा मेरो उपस्थिति, भूमिका र उठाएका मुद्दाहरूको विवरण हरेक ३ महिनामा सार्वजनिक गर्नेछु ।

- बजेट पारदर्शिता (Budget Live Tracking): काठमाडौं क्षेत्र नं. ४ मा जाने बजेट कहाँ र कसरी खर्च भइरहेको छ भन्ने जानकारी वेबसाइटमार्फत लाइभ ट्र्याकिङ गर्ने व्यवस्था मिलाउनेछु ।

- डिजिटल सरकार (e-Governance): अबको युगमा डिजिटलाइजेशन नै डेमोक्रेसी (लोकतन्त्र) हो भन्ने तथ्यलाई आत्मसात गर्दै सरकारी सेवामा हुने ढिलासुस्ती अन्त्य गर्न पूर्ण डिजिटलाइजेशन र डेटामा आधारित निर्णय प्रक्रियामा जोड दिनेछु ।

### दोस्रो: कानुन निर्माण र नीतिगत हस्तक्षेप

- एकीकृत पूर्वाधार कानुन (Integrated Infrastructure Act): सडक खन्ने, ढल हाल्ने र बिजुलीको तार भूमिगत गर्ने निकायहरूबिच समन्वय गर्न र विकासमा हुने दोहोरो खर्च रोक्न एकै पटकमा काम सक्ने कानुनी व्यवस्था गर्नेछु ।

- स्वार्थको द्वन्द्व (Conflict of Interest) सम्बन्धी कानुन: ठेकेदार आफैं मन्त्री हुने वा संसदीय समितिमा बस्ने बेथितिलाई रोक्न कडा कानुन प्रस्ताव गर्नेछु ।

### तेस्रो: काठमाडौं-४ को स्थानीय विकास र समस्या समाधान

- खोला कोरिडोर र बाढी नियन्त्रण: चखुन्चा र यज्ञमती खोलाको बाढी तथा ढलको समस्या समाधान गर्न निश्चित कार्यतालिका बनाइ नीतिगत तथा ब्यबहारिक रूपमा स्थायी निकास निकाल्नेछु । धोबी खोला कोरिडोरलाई ढलमुक्त र स्वच्छ बनाउनेछु ।

- खानेपानी र आकासे पानी संकलन: मेलम्चीको पानीको न्यायोचित वितरण र आकासे पानी संकलन (Rainwater Harvesting) गर्ने घरधुरीलाई सरकारी अनुदान दिन नीतिगत पहल गर्नेछु ।

- सार्वजनिक जग्गा संरक्षण: मिचिएका सार्वजनिक जग्गाहरू फिर्ता गराई खुल्ला पार्क, बाल उद्यान र खेल मैदान निर्माण गर्न तीनै तहका सरकारसँग समन्वय गर्नेछु ।

- सुकुम्वासी समस्या व्यवस्थापन: वास्तविक भूमिहीनहरूको पहिचान गरी सुरक्षित आवास र दीर्घकालीन व्यवस्थापनको न्यायोचित पहल गर्नेछु ।

### चौथो: शिक्षा, स्वास्थ्य र उद्यमशीलता

- व्यवहारिक र प्रविधिमैत्री शिक्षा: शिक्षालाई केवल सैद्धान्तिक ज्ञानमा सीमित नराखी, माध्यमिक तहदेखि नै प्राविधिक र सीपमूल पाठ्यक्रम लागू गर्न पहल गर्नेछु । जसले गर्दा प्रत्येक स्नातक युवा दक्ष, स्वरोजगार र विश्व बजारमा प्रतिस्पर्धी बन्न सकोस् ।

- सुपथ र गुणस्तरीय स्वास्थ्य सेवा: 'उपचार नपाएर कसैले ज्यान गुमाउनु नपर्ने ' सुनिश्चितताका लागि स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रूपमा लागू गर्न नीति बनाउने छु र प्रत्येक स्थानीय तहमा सुविधासम्पन्न अस्पताल र विशेषज्ञ चिकित्सकको सेवा घरदैलोमै पुऱ्याउन पहल गर्नेछु ।

- वैदेशिक रोजगारबाट फिर्ती र पुन:एकीकरण: वैदेशिक रोजगारीमा रहेका युवालाई स्वदेशमै फर्किन प्रोत्साहन गर्दै उनीहरूको सामाजिक र आर्थिक पुन:एकीकरण (Social and Economic Integration) का लागि विदेशमा सिकेको सीप र अनुभवमा आधारित उद्यम सञ्चालन गर्न बिना धितो ऋण (Collateral Free Loans) र विशेष सहुलियतको व्यवस्था गर्ने नीति निर्माणमा काम गर्नेछु ।

- विपन्न वर्गलाई सीप र पुँजी (Skills & Seed Fund): विपन्न तथा सामाजिक र आर्थिक रूपमा पछि परेका युवाहरूका लागि बजारको माग अनुसारको सीप विकास (Market Oriented Skill Development) कार्यक्रम सञ्चालन गरिनेछ । सीप सिकेपछि उद्यम गर्न चाहनेहरूका लागि सुरुवाती लगानी अर्थात् सिड फन्ड (Seed Fund) को व्यवस्था सुनिश्चित गरिनेछ ।

- सशुल्क इन्टर्नसिप (Paid Internship): काम गर्दै सिक्ने र कमाउने कार्यक्रमका लागि निजी र सरकारी क्षेत्रमा कोटा छुट्याउन नीतिगत पहल गर्नेछु ।

- डिजिटल नोम्याड र रिमोट वर्क: काठमाडौँ-४ का आईटी जनशक्तिलाई लक्षित गरी फ्रिल्यान्सिङ प्रवर्द्धन गर्न कर छुट र उच्च गतिको इन्टरनेट पूर्वाधार सुनिश्चित गर्नेछु।

- इनोभेसन हब: एआई (AI) र टेक-उद्यमशीलताका लागि इन्क्युवेसन सेन्टर स्थापना गरी स्टार्टअपहरूलाई बीउ पुँजी (Seed Funding) र कर छुटको व्यवस्था गर्नेछु।

- लोकल टु ग्लोबल (Local to Global): काठमाडौँको उत्पादन, हस्तकला र घरेलु उद्योगलाई प्रवर्द्धन गर्दै अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन निर्यातमुखी नीतिमा काम गर्नेछु। कला, चलचित्र, सङ्गीत, रङ्गमञ्च र खेलकुद जस्ता विभिन्न सिर्जनात्मक उद्योगहरू संवर्द्धन गरी बजारसँग जोडेर युवाहरूलाई आर्थिक रूपमा सशक्त बनाउँदै दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न पहल गर्नेछु।

## पाँचौं: पूर्वाधार, संस्कृति र सम्पदा पर्यटन

- धार्मिक तथा सांस्कृतिक सम्पदा संरक्षण: बाग्मती सभ्यताको पुनरुत्थान गर्दै पशुपतिनाथ, बुढानीलकण्ठ, मैतीदेवी, गुह्येश्वरी र कपन गुम्बा जस्ता महत्वपूर्ण धार्मिक एवं आध्यात्मिक स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्नेछु; साथै पशुपति क्षेत्र विकास कोषको कार्यशैलीलाई पारदर्शी र जवाफदेही बनाउन निरन्तर खबरदारी गर्नेछु।

- यातायात व्यवस्थापन: सार्वजनिक यातायातलाई व्यवस्थित र मर्यादित बनाउँदै मुख्य चोकहरूमा अन्डरपास, फ्लाईओभर र स्मार्ट ट्राफिक लाइट प्रणाली जडान गरी काठमाडौँलाई जाममुक्त सहर बनाउन ठोस पहल गर्नेछु।

- स्वच्छ र हरित सहर: फोहोरमुक्त र प्रदूषणमुक्त काठमाडौँको अभियान चलाउँदै वैज्ञानिक फोहोर व्यवस्थापन, बाग्मती-विष्णुमती करिडोरमा वृक्षारोपण र हरित उद्यान निर्माण गरी सहरको प्राकृतिक सौन्दर्यलाई पुनर्जीवित गर्नेछु।
खेलकुद पूर्वाधार: चुनिखेल स्थित सुवर्ण शमशेर क्रिकेट मैदानलाई राष्ट्रिय मापदण्डको आधुनिक खेल मैदानका रूपमा विकास गर्न समन्वय गर्नेछु।

- खेलकुद पूर्वाधार: चुनिखेल स्थित सुवर्ण शमशेर क्रिकेट मैदानलाई राष्ट्रिय मापदण्डको आधुनिक खेल मैदानका रूपमा विकास गर्न समन्वय गर्नेछु।

## अबको संसद कस्तो हुनुपर्छ ?

संसद भनेको केवल कानुन बनाउने थलो मात्र होइन, यो जनताको आवाज मुखरित गर्ने मन्दिर हो। अबको संसदमा नोट चल्ने, भोट नचल्ने अवस्थाको अन्त्य हुनुपर्छ।

म परिणाम दिन सक्ने संसद चाहन्छु जहाँ सत्ताको जोड घटाउ होइन, नागरिकका मुद्दामा बहस होस्। सत्याग्रही राजनीतिको माध्यमबाट संसदमा पुगेपछि पनि सडकको त्यो आत्मा नमारी निरन्तर खबरदारी गरिरहनेछु। मध्यम र उच्च वर्गका लागि नीतिगत स्थिरता र तल्लो वर्गका लागि न्याय सुनिश्चित गर्ने मेरो लक्ष्य हो।

र अन्त्यमा, आदरणीय मत लगानीकर्ता महानुभावहरू, म भाषणमा होइन, काम र नतिजामा विश्वास गर्ने प्रतिनिधि हुन चाहन्छु। तामझाम र VIP संस्कृति छोडेर जनतासँग चिया पसलमै भेटिने सरल र पहुँचयोग्य नेता बन्ने प्रण गर्दछु। त्यसैले आफ्नो अमूल्य मत घण्टी चिन्हमा लगानी गरी मलाई सेवा गर्ने अवसर दिनु हुन हार्दिक अनुरोध गर्दछु।

धन्यवाद।



प्रतिनिधिसभा सदस्य उम्मेदवार, काठमाडौँ क्षेत्र नं ४

# पुकार बम

विस्तृत जानकारीका लागि